नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय,बबरमहलको

## सरकारी वाँकी रकम तिर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

मिति:२०६८।०३।१७

तेजारथ सापटी , घरेलु ऋण र वेरुजु लगायतको सरकारी वाँकी रकम असुल उपर गर्नु पर्ने सम्बन्धमा सम्बन्धित ब्यक्तिलाई बिभिन्न माध्यमवाट पटक पटक जानकारी गराउदा समेत रकम दाखिला हुन नसकी सरकारी बाँकी रकम असुलीमा वाधा उत्पन्न भएकोले हालै जारी भएका यस कार्यालयका सूचना अनुसार त्यस्ता ब्यक्तिहरुको तीनपुस्ते र स्थायी ठेगाना सहितको रकमको विवरण श्री महालेखा नियन्त्रक कार्यालयको वेवसाईट http://www.fcgo.gov.np/field_offices_fcgo.php मा आजकै मितिवाट सार्वजनिक गरिएकोले निम्नानुसार गर्नु हुन सबै सरोकारवालाहरुलाई जानकारी गराईन्छ ।

१. तेजारथ सापटी तर्फको रकम धेरै पुरानो भएको हुदाँ सो रकम तिर्नु पर्ने ब्यक्तिका आफन्तहरुले यो सूचना हेरी सम्बन्धित हकवालाहरुलाई जानकारी गराई दिनुहुन अनुरोध छ ।

२. घरेलु तर्फको ऋण लिनेले तुरुन्तै आफ्नो ऋण चुक्ता गर्नु हुन र बेरुजु लगायतका सरकारी वाँकी हुने ब्यक्तिले आफ्नो नामको वाँकी रकम सिघ्र चुक्ता गर्नु हुन जानकारी गराईन्छ ।

३. आफ्नो नामको सरकारी वाँकी रकम बुझाई वेब साईटवाट आफ्नो नाम हटाउन सहयोग गर्नु हुन यो कार्यालय सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछ ।

४. सरकारी वाँकी रकम समयमा बुझाएर रकम असुलीका क्रममा रोक्का रहेको अचल सम्पत्ति लिलामी तथा थुन छेक लगायतका कारवाहीवाट आफू र आफ्नो परिवारलाइ मुक्त राख्नका लागि समयमै सचेत हुन सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध छ । (सर्म्पक फोन नं. ४२४०७४९ कार्यालय समयमा )

(कृष्णप्रसाद तिम्सिना)

कार्यालय प्रमुख